केन्द्रीय अनुसन्धान ब्यूरोमहाराजगंजकाठमाडौं

" दण्डहिनता विरुद्ध CIB को अभियान "

visit Nepal 2020

बिषय:- प्रेस विज्ञप्ती

मिति २०७६/०६/०८ गते

## ९२ रोपनी सरकारी जग्गा किर्ते गरी ब्यक्तिको नाममा प्रमाण पूर्जा बनाएको लिखत सम्बन्धी कसुर सम्बन्धमा

सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र आदेशानुसार काठमाण्डौं जिल्ला साविक बाँडभन्ज्याङ गा.वि.स.वडा नं.३(क) हाल चन्द्रागिरी न.पा वडा नं. २ को कि.नं.१०१ (९२ रोपनी) सरकारी जग्गालाई किर्ते कागजातहरू बनाई सुयल हाउजिङ कम्पनी प्रा.लि.को नाममा कायम गर्ने तत्कालिन मालपोत कार्यालय कंलकीका अधिकृत शिव प्रसाद रिमाल, कानुन व्यवसासी राम बहादुर शाह समेत ६ जना अभियुक्तका विरूद्ध काठमाण्डौ जिल्ला अदालत काठमाण्डौबाट लिखत सम्बन्धी कसुर तथा संगठित अपराध मुद्दामा अनुसान्धान कार्य सम्पन्न पश्चात जिल्ला सरकारी वकिल कार्यालय काठमाण्डौमा पेश गरिएको ।

अनुसन्धानमा देखिएको कुराहरू:

- काठमाण्डौं जिल्ला साविक बाँडभन्ज्याङ गा.वि.स.वडा नं.३(क) हाल चन्द्रागिरी न.पा वडा नं. २ को कि.नं. १०१ (९२ रोपनी) सरकारी जग्गा समेतको बनबुट्यान भएको सार्बजनिक सरकारी बनको जग्गाहरु प्रतिवादी राम बहादुर शाहको योजनामा प्रतिवादी मिना कुमारी थापाको नाममा नक्कली जग्गा धनी प्रमाण पूर्जा बनाई कायम गराई उक्त जग्गाहरु प्रतिवादी राम कुमार सुयल थापा संचालक भएको सुयल हाउजिङ कम्पनीको नाममा बिक्रिको करारको कागजातहरु समेत तयार गरेको ।
- उक्त जग्गा प्रतिवादी मिना कुमारी थापाले करार बमोजिम पास नगरेको भनि सम्मानित ललितपुर जिल्ला अदालतमा मिना कुमारी थापाको बिरुद्धमा फिराद पत्र दर्ता गराई उक्त जग्गा सुयल हाउजिङ कम्पनीको नाममा दर्ता गरे हुन्छ भन्ने एक अर्का बीच मिलापत्र भएको भनि मिलापत्र भएकोले मालपोत कार्यालय कलंकीबाट सुयल हउजिङको नाममा जग्गाको स्रेस्ता कायम गरी प्रमाण पूर्जा दिएको ।
- कित्ता न.१०१ को ९२-०२-०-० जग्गा मध्ये किता काट गरी कि.नं.३९८ को २ रोपनी जग्गा ब्यक्ति बिशेषलाई बिक्री बितरण समेत गरेकोमा सामुदायिक बनको उक्त सरकारी जग्गा ब्यक्तिको नाममा नामसारी गराएको ।
- सुयल हाउजिङ कम्पनीमा प्रतिवादी राम बहादुर शाहको ७५% शेयर भएको सम्झौताहरु समेत भएको कागजबाट देखिएको ।
- ९२ रोपनी २ आनाको नेपली रु. ५,८९,६०,०००/- (अक्षेरुपी पाँच करोड उनानब्बे लाख साठी हजार मात्र ) बिगो कायम गरेको ।

**पक्राउ अभियुक्तहरूको विवरण:**

१. जिल्ला धादिङ साबिक मुलपानि ग्रा.बि.स.वडा नं.५ हाल त्रिपुरा सुन्दरी गा.पा.३ मुलपानी घर काठमाण्डौ बर्ष ५० की **मिना कुमारी थापा**।
(**भुमिका:** जगा धनी भई कागजात बनाएको )

२. जिल्ला धादिङ गंगाजमुना गाँउपालिका वडा नं.५ दानसिङ घर भई काठमाण्डौ जिल्ला तारकेश्वर नगरपालिका वडा नं.१० मा डेरा गरी बस्ने बर्ष ४१ को **राम कुमार सुयाल थापा**
(**भुमिका:** सुयल हाउजिङ कम्पनी प्रा.लि.को संञ्चालक बनेको, बनाइएको )

३. जिल्ला कैलाली साविक सहजपुर गा.बि.स.वडा न. ५ हाल चुरे गाउपालिका वडा न.६ घर भई हाल काठमाण्डौ जिल्ला का.म.न.पा.वडा न.१६ बनस्थलि र ललितपुर जिल्ला गोदावरी न.पा. वडा न. १४ वाडेगाउ समेत घर भई ललितपुर बाडेगाउ बस्ने बर्ष ४६ को कानून व्यवसायी **राम बहादुर शाह**
(**भुमिका:** सम्पूर्ण कागजातहरू तयार गर्ने, मूख्य योजना बनाउने काम गरेको)

४. जिल्ला काठमाण्डौ साबिक रामकोट गा.बि.स.वडा न.१ हाल नागार्जुन न.पा.वडा न. ०७ घर भई काठमाण्डौ जिल्ला का.म.न.पा.वडा न. १६ बस्ने बर्ष ५५ को तत्कालीन मालपोत अधिकृत **शिव प्रसाद रिमाल**
(**भुमिका:** सुयल हाउजिङ कम्पनी प्रा.लि.को नाममा स्रेस्ता खडा गरी जग्गा धनी प्रमाण पुर्जा दिएको)

५. जिल्ला गोरखा साविक केरावारी गा.वि.स. वडा नं. ५ हाल सिरानचौक गाउँपालिका वडा नं. १ घर भई हाल म काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. १४ कुलेश्वर बस्ने बर्ष ५१ कानून व्यवसायी **बाबुराम (शर्मा) रेग्मी**
(**भुमिका:** जग्गा धनी र सुयल हाउजिङ कम्पनी प्रा.लि. सम्बन्धी कागजातहरू निर्माण लगायतमा सहयोग गरेको )

६. जिल्ला ओखलढुङगा साविक माम्खा गा.वि.स. वडा नं. ४ हाल चिसंखुगढी गा.पा. वडा नं. ८ घर भई जिल्ला काठमाण्डौ बुढानिलकण्ठ न.पा. वडा नं. १२ कपन बस्ने बर्ष ४६ को कानून व्यवसायी **योगेन्द्र पोखरेल**
(**भुमिका:** जग्गा धनी र सुयल हाउजिङ कम्पनी प्रा.लि. सम्बन्धी कागजातहरू निर्माण लगायतमा सहयोग गरेको)

**प्रहरी उपरीक्षक**
**(वेल बहादुर पाण्डे)**
**प्रवक्ता**
**सम्पर्क नंबर:-** ९८५१२९१३११